म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ३१६ २०८१ असोज २३ गते बुधबार 9 October 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## धवलागिरिमा ५ जना रसियन आरोहीको मृत्यु

काठमाडौंः धवलागिरी आरोहणमा गएका पाँचजना हिमाल आरोहीको मृत्यु भएको छ। आइतबार साँझ ११ बजेदेखि करिब ८ हजार मिटर उचाइबाट सम्पर्कविहीन आरोहीहरुलाई मृत फेला पारिएको खबर आएको पर्यटन विभागका निर्देशक राकेश गुरुङले जानकारी दिए। आरोहणका क्रममा ८ हजार मिटर हाराहारीमा पुगेपछि थप अगाडि बढ्न नसक्ने निष्कर्षसहित आइतबार तल्लो शिविरमा फर्कने निर्णय लिएका आरोहीहरुको मृत्यु भएको निर्देशक गुरुङले बताए। उनीहरु रसियाका चर्चित र अनुभवी आरोही रहेको गुरुङले जानकारी दिए। यस वर्ष कुल १४ जना आरोही धवलागिरी हिमाल आरोहणका लागि गएका थिए। त्यसमध्ये दुई समूहमा ७-७ जना आरोही आरोहणमा लागेका थिए। त्यसमध्ये ६ जनाले आरोहण गर्न नसकिने भनी परित्याग गरेको जानकारी विभागमा गराइएको थियो। बाँकी ८ जनामध्ये दुई जनाले सफल आरोहण गरी आधार शिविरमा फर्किएका थिए।

# कार्यपालिका बैठकका निर्णय लुकाउँदै हेटौंडा उपमहानगर

समाज संवाददाता

हेटौंडाः व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका तीन वटै अधिकार प्राप्त स्थानीय सरकारको रुपमा रहेको हेटौंडा उपमहानगरपालिकाले गम्भीर त्रुटी गर्दै आएको छ। कार्यपालिका बैठकका निर्णय समेत केही सार्वजनिक गर्ने, केही लुकाउने गरेको पाइएको छ। स्थानीय सरकारका प्रवक्ताको हस्ताक्षरसहित बैठकका निर्णय सार्वजनिक गर्दै गर्दा सार्वजनिक नगरिएका निर्णयको हकमा के हुन्छ ? भन्ने विषयलाई गम्भीरताका साथ नलिई हेटौंडा उपमहानगरपालिकाले मनलाग्दी गर्दै आएको छ।

असोज २० गते आइतबार बसेको कार्यपालिका बैठकका निर्णयहरु ५ वटा बुँदामा प्रवक्ता सविन न्यौपानेले सार्वजनिक गर्नुभएको छ। तर, सोही दिनको बैठकले नगर सभाको मिति सार्ने निर्णय समेत गरेको छ। उक्त निर्णय प्रवक्ताले सार्वजनिक गर्नुभएको निर्णयहरुमा समेटिएको छैन। हस्ताक्षरसहितको आधिकारिक विवरण सार्वजनिक गर्दै गर्दा केही निर्णय सार्वजनिक नहुने हो भने निर्णयको आधिकारितामाथि नै प्रश्न खडा हुने जोखिम रहन्छ।

वरिष्ठ अधिवक्ता केशव काफ्ले स्थानीय सरकारले गरेका निर्णय सार्वजनिक गरिनुपर्ने बताउनुहुन्छ। निर्णयहरु सबै सार्वजनिक नहुनु वा नगरिनुले आशंका उब्जने र नैतिक प्रश्न उठ्ने काफ्ले बताउनुहुन्छ। यदि कुनै निर्णय सार्वजनिक गर्नु नपर्ने भए सोको विवरण खुलाएर भएका सबै निर्णय सार्वजनिक गर्नुपर्ने उहाँको भनाइ छ। सार्वजनिक गरिएका निर्णय बाहेक थप निर्णय भएको भए कानुनी उपचारमा जाँदा त्यस्ता निर्णय बदर हुने काफ्लेले स्पष्ट पार्नुभयो।

यता हेटौंडा उपमहानगरपालिकाका कानुनी सल्लाहकार ईश्वरराज ढकाल पनि कार्यपालिका बैठकका निर्णयहरु सबै सार्वजनिक हुनुपर्ने बताउनुहुन्छ। निर्णयहरु केही सार्वजनिक हुने केही सार्वजनिक नहुने भन्ने नहुने उहाँको भनाइ छ। कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक गर्ने विषयमा बुझ्ने पनि ढकालले बताउनुभएको छ।

## हेटौंडा उपमहानगरपालिकाको सभा ३० गतेलाई सर्‍यो

हेटौंडाः चालु आर्थिक वर्षको बजेट पारित गर्ने क्रममा अस्वभाविकरुपमा अवैधानिक तरिकाबाट राजश्वको दर हेरफेर गरेको विरोधपछि आव्हान गरिएको हेटौंडा उपमहानगरपालिकाको विशेष नगरसभाको मिति फेरि सारिएको छ। असोज २० गते बसेको कार्यपालिका बैठकले २२ गतेका लागि तय गरिएको नगरसभा असोज ३० गतेका लागि सार्ने निर्णय गरेको नगर कार्यपालिका सदस्यले जानकारी दिए।

यसअघि गत भदौ २८ गते बसेको विशेष नगरसभाले दोस्रो विशेष नगरसभा असोज १५ गतेका लागि तय गरेको थियो। असोज १३ गते आइतबार बसेको नगर कार्यपालिका बैठकले विशेष नगरसभाको मिति असोज २२ गतेका लागि सार्ने निर्णय गरेको थियो। नगर सभा लगातार दोस्रो पटक सारिएको छ। नगरप्रमुख मीना कुमारी लामाको अध्यक्षतामा असोज १३ गते आइतबार बसेको बैठकले राजश्वको दर परिवर्तन गर्ने विषयमा अध्ययन गर्न उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा कार्यदल समेत गठन गरेको छ। कार्यदलमा वडा अध्यक्षहरु सविन न्यौपाने, विष्णुगोपाल महर्जन, नवीन सिग्देल र फूर्वा दोर्जे लामा सदस्य हुनुहुन्छ। यस्तै व्यवसायीको तर्फबाट मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ता अग्रवाल, उपाध्यक्ष उज्ज्वल चौलागाई रहनुभएको उपप्रमुख राजेश बानियाँले जानकारी दिनुभएको छ। यस्तै कार्यदलमा हेटौंडा उपमहानगरपालिकाको राजश्व, कानुन र प्रशासन शाखाका प्रमुखहरु पनि सदस्य छन्।

गत असार ७ गते सम्पन्न नगर सभाले चालु आर्थिक वर्षका लागि तय गरिएको राजश्वको दर अस्वभाविक र चर्को दरमा वृद्धि गरिएको भन्दै नगरवासी र व्यवसायीले विरोध जनाएका थिए। व्यवसायी आन्दोलनमै उत्रिएपछि उपमहानगरपालिकाले राजश्वको दर साविककै कायम गर्ने सहमति समेत गरि सकेको छ। राजश्वको दर परिवर्तन गर्ने सम्बन्धमा अध्ययन गर्न उपप्रमुख बानियाँको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्ष, व्यवसायी प्रतिनिधिको सहभागितामा संघीय सरकारका पूर्वअर्थमन्त्री एवम् अर्थविद् डा. युवराज खतिवडा, पूर्व अर्थसचिव राजन खनाल र हालका अर्थसचिव डा. रामप्रसाद घिमिरेसँग समेत परामर्श गरेको छ।

## बकैया गाउँपालिका रित्तै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाको कार्यालय मंगलबार कार्यालय समयमा रित्तै पाइएको छ। गाउँपालिकाका प्रमुख धर्मराज लामिछाने, उपप्रमुख भक्त खत्री, प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठसहित सबैजसो कर्मचारी कार्यालयमा थिएनन्। सेवाग्राही पुग्दा २ जना मात्रै कर्मचारी भेटिएका थिए।

कार्यालय समयमा जनप्रतिनिधिदेखि कर्मचारी सबैजसो अनुपस्थित देखेपछि सेवाग्राहीले भिडियो नै बनाएर गाउँपालिकामाथि प्रश्न उठाएका छन्। सेवाग्राहीको गुनासोपछि गाउँपालिकाका अध्यक्ष लामिछानेसँग बुझ्न खोज्दा उहाँको मोबाइल सम्पर्क हुन सकेन। उपाध्यक्ष भक्त खत्रीले आफू पनि हेटौंडामा रहेको प्रक्रिया दिनुभयो। पालिकाकै कर्मचारीको विवाहका कारण अधिकांश कर्मचारी विवाह समारोहमा सहभागी हुने क्रममा कार्यालय अनुपस्थित रहेको बुझिएको छ।

## गाँजासहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ। पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्यांकरमा ३९२ किलो लागूऔषध गाँजा तस्करी भइरहेको भन्ने सूचनाका आधारमा प्रहरीले मंगलबार बिहान ३ बजेर १५ मिनेटको समयमा हेटौंडा-१५ रातोमाटेबाट उनीहरुलाई पक्राउ गरेको हो।

पालुङबाट बीरगंजतर्फ जाँदै गरेको ना ७ ख १७७१ को ट्यांकरलाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा मनहरी गाउँपालिका-९ ज्यामिरे बस्ने ट्यांकर चालक २६ वर्षीय रोशन पुरी र सहचालक २२ वर्षीय धन बहादुर मल्ल पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीले ट्यांकरको पाँचवटा डिब्बाहरु मध्ये ३ नम्बरको डिब्बाभित्र २५ वटा पोकामा लुकाई छिपाई राखेको अवस्थामा गाँजा बरामद गरेको थियो। लागुऔषध र ट्याङकरसहित पुरी र मल्ललाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी प्रमुख फेरिएसँगै लागुऔषध र अवैध सुन तस्कर पक्राउ पर्न थालेका छन्।

# हेटौंडा-काठमाडौं कान्तिलोकपथ सुचारु



*बागमती पुलको पहुँचमार्ग निर्माणपछि सवारी साधन चल्दै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-काठमाडौं कान्तिलोकपथ सुचारु भएको छ। मंगलबार बिहान ८ बजेबाट कान्तिलोकपथ सुचारु भएको हो। मकवानपुर र ललितपुरको सिमानामा पर्ने बागमती खोलाको पुलसँगको पहुँचमार्ग असोज ११ र १२ गतेको भारी वर्षासँगै आएको बाढीले बगाएपछि कान्तिलोकपथ अवरुद्ध बनेको थियो।

पुलसँगको पहुँचमार्गमा ठूलो क्षति पुगेको १० औं दिनमा कान्तिलोकपथ सुचारु भएको हो। पुलसँगको पहुँचमार्ग निर्माण सुरु गरेको चौथो दिन बिहान सवारीसाधन आवागमन सहज भएको हो। भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाका अनुसार द्रूतमार्गमा खटिएको नेपाली सेना, कान्तिलोकपथ आयोजना र डिभिजन सडक आयोजनाको प्राविधिक तथा स्रोत साधनको सहयोगमा बागमती पुलको पहुँचमार्ग निर्माण गर्न सफल भएको हो।

बागमती पुलको पहुँचमार्ग निर्माण भएसँगै साना सवारी साधनको आवागमन सुरु भएको छ। पुलको पहुँचमार्ग र मकवानपुरतर्फ कुनै समस्या भए तत्काल मर्मत गर्न मेसिन र अपरेटर तयारी अवस्थामा रहेको अध्यक्ष लामाले बताउनुभएको छ। बागमती पुलको पहुँचमार्ग निर्माणको चरणमा संघीय संसदको पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंहले पनि अवलोकन गरी निर्माणमा तिव्रता दिन सरोकारवालालाई ध्यानाकर्षण गराउनुभएको थियो।




## शनिबार विजयादशमी
# टीकाको उत्तम साइत बिहान ११:३६ मा

समाज संवाददाता

हेटौंडाः यस वर्षको दशैंको मुख्य दिन विजयादशमी आगामी शनिबार परेको छ। दशैंको टीकाको उत्तम साइत बिहान ११ बजेर ३६ मिनेटमा रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ।

आश्विन शुक्ल प्रतिपदाको दिन घटस्थापना गरेर जमरा राखेपछि दशैं सुरु हुने दशैं पूर्णिमासम्म १५ दिन मनाइन्छ। प्रतिपदादेखि नवमीसम्म शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री गरी नौवटी देवीको पूजा आराधना गरिन्छ। यी देवीहरुलाई नवदुर्गाको नामले पनि चिन्ने गरिन्छ।

दशैंमा विभिन्न शक्तिका प्रतीक नवदुर्गाको पूजा तथा शक्तिपीठहरुको दर्शनसमेत गरिन्छ। आज बुधबार आश्विन शक्ल षष्ठीका दिन कात्यायनीको पूजा आराधना गरिँदैछ। भोलि बिहीबार सप्तमी अर्थात् फूलपातीका दिन कालरात्रिको पूजा गरिनुका साथै जमरा राखेको स्थानमा फूलपाती भित्र्याइनेछ।

यस वर्ष घटस्थापनाको भोलिपल्ट अर्थात् आश्विन शुक्ल द्वितीयाका दिन झण्डा फेर्ने समारोह गरिएको छ। तृतीयाका दिन पचलीभैरव यात्रा गरिएको छ भने भोलि बिहीबार फूलपातीको दिन तुलजाभवानीको यात्रा गरिनेछ। यस दिन तुलजा भवानीलाई मूल मन्दिरबाट हनुमानढोकाको मूल चोकमा यात्रा गराइन्छ।

महाअष्टमीका दिन राति कालरात्रि पूजासहित राज्यको तर्फबाट बोका र राँगाको बलि दिइन्छ। तुलजा भवानी यात्राको साइत बिहान ७:११ बजे रहेको छ। तुलजा भवानीलाई बिहान ८:४४ बजे स्थिरासन गराइनेछ।

असोज २६ गते शुक्रबार महाअष्टमी, कालरात्रि र महानवमी पर्व परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ। शनिबार दशैंको मुख्य दिन विजयादशमी परेको छ। घटस्थापनाका दिनदेखि पूजा आराधना गरिने देवीलाई शनिबार बिहान ८:३३ बजे विसर्जन गरिने साइत समितिले निर्धारण गरेको छ।

विजयादशमीका दिन देवीको प्रसाद लगाउन साइत आवश्यक नपर्ने पञ्चाङ्ग निर्णायक तथा विकास समितिले जनाएको छ। साइत खोजेर टीका लगाउनेका लागि बिहान ११:३६ बजेको साइत उत्तम रहेको समितिले जानकारी दिएको छ। दशैंको टीका लगाउँदा टीका लगाउने मानिस पूर्व र लगाइदिने मानिस पश्चिम फर्कनुपर्ने समितिले जनाएको छ।

विजया दशमीकै दिन बिहान ११:५७ मा तुलजा भवानीयात्रा र १२:५६ मा स्थिरासन गराउने साइत समितिले तय गरेको छ। सोही दिन खड्गयात्रासमेत रहेको समितिले जारी गरेको साइत विवरणमा उल्लेख छ।

दशमीको दिनदेखि कोजाग्रत पूर्णिमासम्म टीका लगाउने प्रचलन रहेको छ। यस वर्ष असोज ३० गते बुधबार कोजाग्रत पूर्णिमा र व्रत रहेको छ।




वडा दसैं २०८१ को शुभ अवसरमा सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

सुरेश श्रेष्ठ, सम्पादक
एवम् समृद्ध समाज राष्ट्रिय दैनिक परिवार
हेटौंडा, मकवानपुर

(नोटः- वडा दसैं पर्वको अवसरमा कात्तिक २ गतेसम्म कार्यालय बन्द रहने हुँदा आगामी अंक कात्तिक ३ गतेदेखि मात्रै प्रकाशन हुने जानकारीका लागि अनुरोध समेत गरिन्छ ।)



## चित्रकला






दिपेन तामाङ
कक्षा-१०, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, हेटौंडा-४





सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४





कृष्णकुमार साह
कक्षा-८, श्रमिक मावि, हेटौंडा-४


## उपभोक्ता वर्गमा अनुरोध

पिउने पानीको शुद्धतामा ध्यान दिऔं । पानी जीवन हो । पानीको उपभोग गर्दा मितव्ययी बनौं । पानीको शुद्धता र सफाईमा ध्यान दिऔं ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा उपभोक्ताहरुलाई आफ्नो टोल, समुदायमा पानीको वितरण प्रणालीमा चुहावट भए, कहीं कतै चोरी गरी प्रयोग गरेको पाइए बोर्डको कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड परिवार

## मंगलमय शुभकामना



वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

केशवप्रसाद सञ्जेल, प्रधानाध्यापक
एवम् जनजागृति माध्यमिक विद्यालय परिवार
हेटौंडा-१५, रातोमाटे

## मंगलमय शुभकामना



वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मातली उप्रेती, प्रधानाध्यापक
एवम् अमर माध्यमिक विद्यालय परिवार
हेटौंडा-१, मकवानपुर

## मंगलमय शुभकामना



वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सहकारी अभियान्ता, यस सहकारीका सेयर सदस्य एवम् नेपाली समुदायमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

चक्रधर विडारी, अध्यक्ष
एवम् हाम्रो गोर्खा बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार
हेटौंडा-५, भैरवरोड

## मंगलमय शुभकामना



वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण सेवाग्राही उपभोक्तामा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

U2 Fancy house
Hetauda-4, Parijatpath

## मंगलमय शुभकामना



वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भोगेन्द्र लुइटेल, प्रधानाध्यापक
एवम् जनज्योति माध्यमिक विद्यालय
हेटौंडा-१४, मयुरधाप

## मंगलमय शुभकामना



वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रवोध विडारी, प्रधानाध्यापक
एवम् निर्मल माध्यमिक विद्यालय परिवार
हेटौंडा-१९, बस्तीपुर

## मंगलमय शुभकामना



वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लिटिल बडी प्रि-स्कूल परिवार
हेटौंडा-४, हुप्रचौर

## मंगलमय शुभकामना




वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रमेशप्रसाद सुवेदी, प्रधानाध्यापक
एवम् ज्ञानदा माध्यमिक विद्यालय परिवार
हेटौंडा-१०, मकवानपुर


## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



सम्पादक ।

# भाइ र बल



**अनुष्मा रिमाल**

च्याहाँ च्याहाँ रुँदै अनुगम कोठाभित्र पस्यो । "छ्या ! कस्तो रोएको दिक्कै लाग्यो । बलले भन्यो ।

"बाबु नरोऊ । हाउबुजी आउँछ । आऊ बल खेल्न । तिमी र मसँगै बल खेल्ने । भन्दै आमाले भान्छाबाटै भन्नुभयो ।

बललाई सधैं अनुगमले लात्ताले हानेर कहिले माथि पुऱ्याउँथ्यो त कहिले भित्तामा त कहिले ढोकामा ।

"दिदी आनु न बल खेन्न ।" भाइले दिदी विद्यालयबाट घरभित्र पस्नासाथ भन्यो । "छ्या ! फेरि यिनीहरु मलाई हिर्काउन आए ।" बलले भन्यो ।

ऐया ! कस्तो दुख्यो । मलाई नै मात्र किन हिर्काउरहन्छन् ? मलाई पनि दुख्छ भन्ने यिनीहरुलाई थाहा छैन कि क्या हो ?" आँखाबाट आँसु झार्दै भन्यो ।

एकदिन अनुगम बललाई थाहै नदिई सुटुक्क मामाघर आफ्नी आमासँग गयो । घरमा बलले अनुगमलाई यतायता खोज्यो । भेट्टाएन । एक्लै भयो । सुरुसुरुमा त बल निकै खुसी मानिरहेको थियो । पछि घर नै सुनसान लागेछ । अनुगम कहाँ गएको छ भनी ढोकानेर बस्थ्यो जहिल्यै ।

दुईचार दिन एक्लै भयो बल । तर के गर्नु ऊ नहुँदा मज्जा नै लाग्दैन । ल, हेर कहाँ गएको होला ? के गरुँ कसो गरुँ भयो बललाई । एकदिन झोक्राएर बसिरहेको थियो । बाहिरबाटै "तिमी कहाँ छौ" भन्दै अनुगम भित्र पस्यो । बल खुसी चाहिँ भयो तर एकैछिन मात्र । अनुगम आउनसाथ ढोकाको बललाई माथि पङ्खामा पुग्नेगरी लात्ताले ड्याम्म हान्यो ।

आजचाहिँ फेरि नआओस् मसँग खेल्न भन्दै कुनामा बसेको बलले मनमनै भनिरहेको थियो । मामाघर गएर आएपछि ज्ञानी भएको होला भन्ने सोचेको थियो बलले । आउने बित्तिकै गफ गरोस् । रमाइलो रमाइलो कुराकानी होस् भन्ने बललाई लागेको थियो ।। तर के गर्नु जो आएपनि झन दुख्ने गरी हान्छन् ।

एकदिन असल दादा आउनुभन्दा अगाडि नै म सोफाको पछाडि गएर लुकेँ । त्यसपछि तिनीहरु बल खोई भन्दै खोज्न लागे । कसैले फेला पार्न सकेनन् । आधा घण्टा जति खोजे । सबै थाके । एकैछिनमा अनुगमले ब......ब भन्दै बल फाल्यो ।

बल गएर असलको खुट्टामा लाग्यो । असलले जोडले गो....ल भन्दै माथि पुग्नेगरी जोडले हान्नुभयो । घुमिरहेको पङ्खामा लाग्यो ।

ऐया ! कस्तो दुख्यो । के गर्नु कसैले मेरो दुःख बुझ्न सकेनन् । तल आएर पछारिएँ । कहिल्यै माथि नउड्ने गरी म भुइँमा लडेँ । तर मैले सोचेँ । यो घरमा मलाई कसले सुरुमा लिएर आयो होला ?

*कक्षा-३, नवोदय शिशु सदन*
*हेटौंड-४*

# मेरो देश



**आयुष यादव**

कति राम्रो मेरो देश नेपाल नाम भाको
चार जाती छत्तिसवर्ण फूल फूलिराको
हिमाल पहाड तराई छ सगरमाथा शिर
कसै सामु झुक्नु हुन्न नेपाली छौ वीर ॥

कति राम्रो देश भेष भूषा भाको
चार जाती छत्तिसवर्ण फूल फूलिराको
हिमाल पहाड खोलानाला नदी डाँडा पाखा
हरियाली जंगल हाम्रो गाइन्छ कोइली भाका ॥

चार जाती छत्तीस वर्ण फूल भएपनि
नेपालीहरु सबै हामी एउटै माला अनि
वल भद्र भक्ति थापा अरु  सहिद पनि
देशका लागी जन्मिएर सहिद भए अनि ॥

*कक्षा-६, भूटनदेवि मावि, हेटौंडा-४*

## मंगलमय शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण व्यवसायी, उपभोक्तामा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेत्रप्रसाद खतिवडा, अध्यक्ष**
**एवम् कपडा तथा तयारी पोशाक व्यवसायी संघ परिवार**
**हेटौँडा, मकवानपुर**

## मंगलमय शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, प्राध्यापक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हेटौँडा स्कूल अफ म्यानेजमेन्ट परिवार**
**हेटौँडा, मकवानपुर**

## मंगलमय शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण सेवाग्राही, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दाजुभाई स्वीट्स एण्ड फास्टफुड परिवार**
**हेटौँडा-४, पारिजातपथ**

## मंगलमय शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण स्वादका पारखी सेवाग्राही, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विकास बासुकला, प्रोप्राइटर**
**एवम् होटल बासुकला एण्ड फास्टफुड परिवार**
**हेटौँडा-४, पारिजातपथ**

## मंगलमय शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, प्राध्यापक, कर्मचारी, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**डा. यमबहादुर सिलवाल, क्याम्पस प्रमुख**
**एवम् मकवानपुर बहुमुखी क्याम्पस परिवार**
**हेटौँडा, मकवानपुर**

## मंगलमय शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**रामबाबु सापकोटा, प्रिन्सीपल**
**एवम् ब्रह्मदिक एकेडेमी परिवार**
**हेटौँडा-४, मकवानपुर**

## हेटौँडा क्याम्पस

हेटौँडा-४

सेवा समितिको कार्यालय

**विज्ञापन नं. ०१ ०८१/०८२ (आन्तरिक प्रतियोगिता)**

*प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२३ गते*

हेटौँडा क्याम्पस, हेटौँडाको निमित्त निम्न विषयहरूको शैक्षिक पद आन्तरिक प्रतियोगिताद्वारा पूर्णकालीन स्थायी सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट मिति २०८१ कार्तिक २७ गते तथा दोब्बर दस्तुर बुझाई २०८१ मङ्सिर ४ गते, साँझ ५ बजेभित्र हेटौँडा क्याम्पस, हेटौँडाको क्याम्पस सेवा समितिको कार्यालय (प्रशासन शाखा) मा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम हेटौँडा क्याम्पस, हेटौँडाको प्रशासन शाखाबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुनआएका र रित नपुगेका दरखास्तउपर कुनै कार्वाही हुने छैन । आवेदन फारम साथ आवेदन दस्तुर जम्मा गरेको सक्कल बैङ्क भौचर तथा आवश्यक कागजातहरूको प्रतिलिपि पेस गर्नुपर्ने छ ।

**क) पदसम्बन्धी व्यवस्था**

विषय : लेखाशास्त्र-१, वित्तशास्त्र-१, अङ्ग्रेजी-२
पद : सहायक प्राध्यापक
सेवाको प्रकृति : स्थायी
प्रतियोगिताको किसिम : आन्तरिक
परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
आवेदन दस्तुर : रु ३,२००/- (अक्षरेपी तीनहजार दुई सय मात्र)
आवश्यक न्यूनतम योग्यता : त्रिभुवन विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको

**ख) उम्मेदवार हुन नपाउने व्यवस्था :**

देहायको अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने प्रतियोगिताका लागि उम्मेदवार हुन वा रहन पाउने छैन :
(क) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति,
(ख) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति,
(ग) गैरनेपाली नागरिक,
(घ) विज्ञापन प्रकाशित भएको मितिसम्म ४५ वर्ष नाघेको व्यक्ति ।

**ग) आवश्यक कागजातहरू :**

१. प्रवेशिकादेखि माथिका सबै तहका शैक्षिक योग्यताको लब्धाङ्कपत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू २ प्रति,
२. अनुभवको प्रमाणपत्र (त्रिविका आङ्गिक क्याम्पस तथा सामुदायिक क्याम्पसहरूमा शिक्षण सेवामा स्थायी, अस्थायी वा करार सेवामा रही काम गरेको भए सोको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र) २ प्रति,
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति,
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ प्रति,
५. व्यक्तिगत विवरण (बायोडाटा) २ प्रति,
६. प्रकाशित अनुसन्धानात्मक कृतिहरू : विज्ञापन प्रकाशित हुनुभन्दा अगाडि प्रकाशित भइसकेको सम्बन्धित विषयको पाठ्यपुस्तक, सम्बन्धित विषयको सन्दर्भग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरू, विषयगत साधारण लेखहरू र स्नातकोत्तर तहको शोध निर्देशन गरिएको प्रमाणित पत्र आदि) उम्मेदवारले आवेदन फाराम साथ पेस गर्नु पर्ने छ ।

उल्लिखित विज्ञापनमा भूलवश कुनै त्रुटि हुनगएमा सो सच्याउने अधिकार क्याम्पस सेवा समितिमा सुरक्षित हुने छ ।

**सदस्य सचिव**
**सेवा समिति**
**हेटौँडा क्याम्पस**
**फोन नं ०५७-५२६७३७**

**हाम्रो सुमो सेवाको** **नयाँ प्रस्तुती...**



**असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ**

**Electric Van**
**विद्युतीय भ्यानमा यात्रु सेवा**





२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

**हेटौँडा-काठमाडौं-हेटौँडा** **हेटौँडा-बीरगन्ज-हेटौँडा**

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

**१५ पटकको यात्रापछि एउटा टिकट निशूल्क ।**

**अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।**
**हेटौँडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।**

**भेष खड्गी, सञ्चालक**

**हाम्रो ईभी सेवा**

हेटौँडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

**सम्पर्क**
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)
मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

# खसी कप फुटबलको उपाधि फ्रिडम ब्वाइजले जित्यो




समाज संवाददाता

हेटौँडाः हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको ३० औँ संस्करणको ८ ए साइड खसी कप फुटबल प्रतियोगिताको उपाधि फ्रिडम ब्वाइजले जितेको छ । पिप्ले युवा क्लबको आयोजनामा मंगलबार सम्पन्न भएको फाइनल खेलमा पिप्ले भेट्रान्स क्लबलाई १-० गोलअन्तरले हराउँदै फ्रिडम भेट्रान्सले उपाधि जितेको हो । फ्रिडमको जीतमा आयुष भोम्जनले निर्णायक गोल गरेका थिए । उनले खेलको दोस्रो हाफको २० औं मिनेटमा गोल गर्दै टिमलाई जिताएका हुन् ।

उपाधिसँगै फ्रिडम ब्वाईजले ३२ केजीको खसीसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता पिप्ले भेट्रान्सको टिमले ३० केजीको बोकासहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । हेटौँडा उपमहानगर पालिकाका नगर उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्य तथा पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरेको सभाध्यक्षमा पुरस्कार वितरण तथा समापन समारोह भएको थियो ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै फ्रिडमका निर्णय क्षेत्री र सर्वाधिक गोलकर्ता फ्रिडमका निरज ठकुरीले कुखुराको भाले प्राप्त गरेका छन् भने फाइनल खेलको म्यान अफ द म्याच हुन सफल भएका भोम्जनले ३ केजीको भाले प्राप्त गरेका छन् । ३० वर्षदेखि दसैंको अवसरमा खसी कप प्रतियोगिता आयोजना गर्दै आएको क्लबले पहिलो पटक ८ ए साइडमा प्रतियोगिता सञ्चालन गरेको हो ।

# नेपालको दोस्रो जित

काठमाडौंः नेपालले श्रीलंकाको कोलोम्बोमा जारी काभा पुरुष यु-२० च्याम्पियनसिपमा मंगलबार माल्दिभ्सलाई ३-० को सेटमा पराजित गरेको छ । च्याम्पियनसिपमा नेपालको तीन खेलमा यो दोस्रो जित हो । कोलम्बोमा मंगलबार भएको खेलमा नेपालले माल्दिभ्सलाई २५-५, २५-१२, २५-२० ले सहजै पराजित गर्‍यो ।

दोस्रो जितपछि नेपालले ३ खेलबाट ६ अंक जोडेको छ । नेपालले यसअघि पहिलो खेलमा श्रीलंकालाई ३-० कै सेटमा पराजित गरेको थियो भने दोस्रो खेलमा उज्वेकिस्तानसँग ३-१ सेटको पराजित भएको थियो । लगातार तीन खेलमा पराजित भएको माल्दिभ्स भने अंकबिहीन छ । माल्दिभ्स यसअघि तुर्किमेनिस्तान र श्रीलंकासँग पनि समान ३-० कै सेटमा पराजित भएको थियो । नेपालले आफ्नो चौथो खेलमा बिहीबार किर्गिस्तानसँग प्रतिस्पर्धा गर्नेछ भने शुक्रबार लिगको अन्तिम खेल तुर्कमिनेस्तानसँग खेल्नेछ । ६ टोली सहभागी प्रतियोगितामा लिग चरणको खेलपछि शीर्ष दुईमा रहने टोलीबीच फाइनल खेल हुनेछ ।

# वडाध्यक्ष कप फुटबलको उपाधिका लागि कर्णावती र मनकामना भिड्ने

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको हेटौंडा-८ स्तरीय वडाध्यक्ष कप फुटबल प्रतियोगिताको फाइनल खेल बुधबार हुँदैछ । हेटौंडा-८ स्थित चन्द्रोदय माविको मैदानमा हुने फाइनल खेलमा उपाधिका लागि कर्णावती टोल र मनकामना टोलबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताका संयोजक उमेश थापा मगरका अनुसार कर्णावती र मनकामनाबीचको खेल दिउँसो २ बजेदेखि सुरु हुनेछ । मंगलबार सम्पन्न सेमिफाइनल खेलमा श्रमिक टोललाई ४-० गोलले हराउँदै मनकामना फाइनलमा प्रवेश गरेको हो । यस्तै, सोमबार भएको पहिलो सेमिफाइनल खेलमा देवनगर टोललाई २-१ गोलले हराउँदै कर्णावती फाइनलमा प्रवेश गरेको थियो ।

मंगलबारबाट नकआउट चरणमा सुरु भएको प्रतियोगितामा वडाभित्रका १२ वटा टोलहरु सहभागी थिए । प्रतियोगिताको विजेताले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले २० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# बाढीपीडित परिवारलाई सहयोग

समाज संवाददाता

हेटौँडाः मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाले राहत सामग्री प्राप्त गरेको छ । असोज ११ र १२ गतेको भारी वर्षासँगै आएको बाढीपहिरोले जनधनको क्षतिलाई मध्य नजर गर्दै गाउँपालिका भित्रका ६० घरपरिवारलाई आवश्यक खाद्यान्न लगायत सामग्री वितरण गरिएको हो ।

सोमबार पालिकालाई लिसा हिमालयन इभि र हेटौँडा-११ स्थित दिगो विकासका लागि एकता नेपालले राहत सामग्री हस्तान्तरण गरेको हो । पालिकालाई दाल, चामल, नुन, मसला, गुन्द्री, ब्ल्याङ्केट, सेनिटरी प्याड, साबुन, मन्जन लगायतका सामग्री गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको उपस्थितिमा वितरण गरेको थियो ।

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हस्तलाल श्रेष्ठ, प्रधानाध्यापक
एवम् त्रिभुवन माध्यमिक विद्यालय परिवार
हेटौँडा-११, मकवानपुर

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोविन्द उप्रेती, प्रधानाध्यापक
एवम् कमला आधारभूत विद्यालय परिवार
हेटौँडा-१८, ढोमानचौर

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सहकारी अभियानमा आवद्ध सम्पूर्ण, प्रारम्भिक सहकारी संस्थाका पदाधिकारी तथा सदस्य एवम् नेपाली समुदायमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हरिप्रसाद कँडेल, अध्यक्ष
एवम् मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड परिवार
हेटौँडा, मकवानपुर

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सहकारी अभियानमा आवद्ध सम्पूर्ण, तथा सदस्य एवम् नेपाली समुदायमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जंगबहादुर गुरुङ, अध्यक्ष
एवम् नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
हेटौँडा-९, मकवानपुर

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
शैलेन्द्रमान बज्राचार्य
पूर्वमन्त्री, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय
बागमती प्रदेश सभा सदस्य
काठमाडौं क्षेत्र नं. ८ (१)

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण व्यवसायी, उपभोक्तामा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अमित श्रेष्ठ, अध्यक्ष
एवम् अधिकृत विक्रेता संघ मकवानपुर परिवार
हेटौँडा, मकवानपुर

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रतिभा डंगोल, प्रिन्सीपल
एवम् कमाने एकेडेमी परिवार
हेटौँडा-८, कमाने

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, नेपाल सम्वत्, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण युवा, दाजुभाइ-दिदीबहिनी, आमाबुवामा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
किशोर खत्री, संयोजक
एवम् राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन मकवानपुर परिवार
हेटौँडा, मकवानपुर

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सरिता भण्डारी, प्रिन्सीपल
एवम् रेड रोज इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूल परिवार
हेटौँडा-१६, हटिया

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ